## विद्युतीय भुक्तानी प्रणालीबाट नगदरहित भाडा भुक्तानी प्रणाली सञ्चालनका लागि निर्धारित कार्यक्षेत्रगत शर्त (Terms of Reference)

**परिचयः**

प्रदेशभित्र सञ्चालित यात्रुवाहक सार्वजनिक यातायात सेवा सञ्चालनको लागि तोकिएको रुटहरुमा सवारी साधनहरुले लिने भाडा नगदरहित विद्युतीय भुक्तानी प्रणालीको माध्यमवाट संकलन गर्ने व्यवस्था गरी सहज, सुलभ, पहुंचयोग्य, प्रविधिमैत्री तथा प्रभावकारी सेवा प्रवाह गर्न "प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी सम्बन्धी नियमावली, २०७८" को नियम १० बमोजिम विद्युतीय भुक्तानी प्रणाली लागू गर्नुपर्ने रहेको छ।

**कार्यक्षेत्रः**

बागमती प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधनमा यो विद्युतीय भुक्तानी प्रणाली लागू गरिने छ।

**उद्देश्यः**

यो प्रणाली लागू गरे पश्चात देहाय बमोजिमको उद्धेश्य प्राप्त हुनेछ।

१. यात्रुहरुले सार्वजनिक यात्रुवाहक सवारी उपयोग गरेबापत लाग्ने प्रदेश सरकारबाट समायोजन/निर्धारण गरिएको भाडा रकम कार्ड वा विद्युतीय माध्यमबाट नगद रहित तवरले तिर्न सक्नेछन्।
२. सार्वजनिक सवारी साधनको भाडा यात्राको दुरीका आधारमा कार्ड वा विद्युतीय माध्यमवाट भुक्तानी हुँदा तोकिएको भाडा दर कार्यान्वयनमा आउनेछ।

**कार्यसञ्चालन विधिः (Methodology) :**

१. सवारी साधनमा रहेको डिभाइसमा शूरु विन्दु (tap in) र अन्तिम विन्दु (tap out) का आधारमा दुरी गणना हुने।
२. प्रणालीले जि. पि. एस. बाट प्राप्त सूचनाका आधारमा स्वतः भाडा गणना गर्ने।
३. गणना भएको भाडा कार्ड वा विद्युतीय माध्यमवाट भुक्तानी हुने।
४. भाडादर निर्धारण/समायोजन हुँदा सोही अनुसार प्रणालीमा अद्यावधिक हुने।
५. लक्षित वर्गको लागि निर्धारण गरिएको सहुलियत कार्डका आधारमा भाडा भुक्तानी हुने।
६. यात्राको शुरु बिन्दुमा TAP In गर्दा कार्डमा रहेको मौज्दात (Balance) रकम डिभाइसमा देखिनु पर्ने।
७. यात्राको अन्तिम बिन्दुमा TAP Out गर्दा कार्डबाट खर्च भएको रकम डिभाइसमा देखिनु पर्ने।
८. यात्रुकार्ड रिचार्ज गर्न सकिने।
९. विद्युतीय भुक्तानी प्रणालीले अफलाइनमा समेत काम गर्ने।
१०. भाडा भुक्तानी पश्चात् भाडा बापतको रकम समेत खुलेको E-Ticket जारी गर्नु पर्नेछ।

सवारीमा जडान गरिने उपकरण :

क) <u>कार्ड रिडर:</u>

सवारी साधनमा जडान गरिने उपकरणले सेवाग्राहीले दिएको इनपुट र आउटपुट (शुरु र अन्तिम विन्दु) को आधारमा गणना गरेको दूरीलाई निर्धारित भाडा दर सँग मूल्य समायोजन गर्ने र समायोजित मुल्यलाई प्रिपेड कार्डबाट असुल गर्न र केन्द्रीय एकाउन्टमा हिसाव पठाउने व्यवस्था भएको हुनुपर्नेछ। यो डिभाइसले सार्वजनिक यातायातका सूचनालाई अठचालिस घण्टा सम्म सञ्चित गर्नसक्ने र सञ्चित भएका डाटालाई सर्भर कनेक्ट हुनासाथ केन्द्रीय एकाउन्टमा सूचना पठाउन सक्ने हुनु पर्दछ। उक्त डिभाइसले छोटो समयमा पर्याप्त कार्ड रिड गर्न सक्ने हुनुपर्नेछ । प्रत्येक यात्रुसँग भएको कार्ड देखाएर वा छुवाएर भाडा भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेछ। त्यस्ता कार्ड शुरु प्रयोग गरेको मितिले एक महिना भित्र व्यक्तिगत डाटा (KYC) मोवाईल मार्फत पठाउन सक्ने तथा सो अवधि भित्र व्यक्तिगत विवरण नपठाएमा उक्त कार्ड डाटा नपठाएसम्म निलम्बन रहने व्यवस्था मिलाउनुपर्नेछ।

ख) <u>जी. पी. एस. उपकरण (जियोग्राफिक पोजिसनिङ सिष्टम डिभाईस):</u>

जि.पी.एस. कार्ड रिडर उपकरणमा नै जोडिएको **(Inbuilt)** हुनुपर्नेछ । यो उपकरणले सेवाको शुरु र अन्तिम विन्दु बीचको दूरी गणना (क्याल्कुलेट) गर्नेछ। प्रणाली सञ्चालनमा हुने सर्भर समस्याको समाधान गर्दै सर्भर नभएको अवस्थामा वा अफलाईन हुँदा पनि जी. पी. एस. सिस्टमले काम गरी रहने हुनुपर्नेछ। यस प्रणालीले दूरसञ्चार नेटवर्क नहुने स्थानमा पनि अफलाईनबाट कार्य गर्न सक्ने हुनु पर्नेछ ।

ग) <u>सि. सि. क्यामरा</u>

सार्वजनिक यातायातभित्र सामाजिक सदाचार कायम गर्न र नगद कारोबारलाई बन्द गर्न सि. सि. क्यामरा मार्फत अनुगमन गर्न सक्ने हुनुपर्नेछ। नगद लिएको पाइएमा तुरुन्त कारवाही समेत गर्न सकिने तथा चालक, सहचालक र यात्रुहरुको समेत व्यवहार अनुगमन गर्न सकिने व्यवस्था मिलाइएको हुनुपर्नेछ। यस क्यामराको सहायताले प्रणालीबाटै समग्रतामा अनुगमन गर्ने तथा कुनै घटनाहरुको अनुसन्धान गर्न सक्नेगरी व्यवस्था मिलाउनु पर्नेछ ।

प्रणाली व्यवस्थापन सम्बन्धमा :

**श्रम, रोजगार तथा यातायात मन्त्रालयः** यस मन्त्रालयले "प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८" बमोजिम प्रदेश भित्रका यात्रुवाहक सवारी साधनहरुमा विद्युतीय भाडा भुक्तानी प्रणाली सञ्चालन गर्न सेवा प्रदायक संस्था छनौट गर्नेछ । सेवा प्रदायक छनौट गरी सम्झौता भए पश्चात प्रणाली जडान तथा सेवा सञ्चालनको लागि मन्त्रालयले प्रणाली जडान गर्ने समयतालिका सहित सार्वजनिक सूचना प्रकाशन गर्नेछ। सूचनामा तोकिएको अवधि भित्र सवारी धनी/व्यवस्थापकले आफ्नो सवारी साधनमा प्रणाली जडान गर्नुपर्ने छ । प्रणाली जडान नगर्ने सवारी साधन सञ्चालनमा मन्त्रालयले जडान नगरे सम्म रोक लगाउने छ । सेवा प्रदायक संस्था छनौट भए पश्चात मन्त्रालयले छनौट हुँदाको बखत सेवा प्रदायक संस्थाले पेश गरेको प्रस्ताव बमोजिम सेवा सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ र नगरेको पाइएमा तोकिएको कार्यसम्पादन जमानत जफत (असुल) गरी

सम्झौता रद्द गर्न सक्नेछ । यसरी सम्झौता रद्द भएमा सेवा प्रदायक संस्था छनौट गर्दाका बखतको दोस्रो क्रममा रहेको सेवा प्रदायकसँग सम्झौता गरी सेवा प्रारम्भ गर्न मन्त्रालयले स्वीकृति प्रदान गर्नसक्ने छ ।

**सेवा प्रदायक संस्था :** सेवा प्रदायक संस्थाले छनौट हुँदाको बखत पेश गरेको प्रस्ताव बमोजिम प्रदेश भित्रका यात्रुवाहक सार्वजनिक सवारी साधनहरुमा माथि उल्लेखित उपकरणहरु निर्धारित चरणबद्ध समयतालिकामा जडान गरी विद्युतीय भाडा भुक्तानी प्रणाली सेवा सञ्चालन गर्नेछ। जडान गरिने उपकरण र कार्डको लागत तथा व्यवस्थापन सेवा प्रदायकले पेश गरेको प्रस्तावमा उल्लेख गरे बमोजिम हुनेछ। जडित उपकरणहरुको प्रणाली मार्फत सञ्चालन, नियन्त्रण र रेखदेख गर्ने सम्पूर्ण जिम्मेवारी सेवा प्रदायक संस्थाले व्यवस्था मिलाउनु पर्नेछ। यस प्रणालीबाट गरिने कारोबारको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सेवा प्रदायक संस्थाले मिलाउनु पर्नेछ । सेवा प्रदायकले दिएको सञ्चालन सेवा वापत निजलाई तिर्नुपर्ने सेवा शुल्क यात्रुले तिर्ने भाडाबाटै कट्टा गरी बाँकी भाडा मात्र सवारी धनीले पाउने गरी व्यवस्था मिलाउनेछ। सवारी धनीले प्राप्त गर्ने भाडा बापतको रकम सम्बन्धी विवरण निजले माग गरेमा उपलब्ध गराउने दायित्व सेवा प्रदायकको हुनेछ।

**सवारी धनी :** मन्त्रालयले प्रणाली जडानको लागि प्रकाशन गरेको सार्वजनिक सूचनाको अवधि भित्र सवारी धनीले आफ्नो सवारी साधनमा उपकरण जडान गर्नको लागि सेवा प्रदायकलाई सवारी साधन उपलब्ध गराउनु पर्नेछ। आफ्नो सवारी साधनमा जडान हुने उपकरणहरुको सुरक्षाको प्रबन्ध सवारी धनीले मिलाउनु पर्नेछ। सवारी उपभोग गर्ने यात्रुले सो बापतको तिर्नु पर्ने भाडा विद्युतीय माध्यमबाट (कार्ड) जडित प्रणाली मार्फत लिने व्यवस्था मिलाउनु पर्नेछ। सवारी धनीले सवारी सेवा प्रदायकले प्राप्त गर्ने कमिशन बाहेकको रकम घटाइ खुद भाडा सिधै बैंक मार्फत प्राप्त गर्नेछन् र सो सम्बन्धी विवरण तथ्याङ्क सेवा प्रदायकको सिस्टम मार्फत प्राप्त हुनेछ। सवारी सञ्चालन गर्न लाग्ने आवश्यक जनशक्ति (चालक, सहचालक, परिचालक आदि) को व्यवस्थापन, सवारी सञ्चालन तथा मर्मत सम्भार, कर, दस्तुर, बिमा लगायतका सबै किसिमका खर्चहरु सवारी धनीले बेहोर्नु पर्नेछ।

**उपभोक्ता (यात्रु) :** उपभोक्ताले यस प्रणाली लागु भए पश्चात भाडा भुक्तानीको लागि प्रयोग हुने कार्ड सेवा प्रदायकले पेश गरेको प्रस्ताव बमोजिमको मूल्यमा खरिद गरी अनिवार्य रुपमा कार्ड मार्फत भाडा भुक्तानी गर्नुपर्नेछ । यसरी प्राप्त गरेको कार्डको सुरक्षा गर्ने दायित्व उपभोक्ता (यात्रु) को हुनेछ । भाडा भुक्तानीका लागि आफ्नो कार्डमा आवश्यक रकम स्वयमले रिचार्ज गरी प्रयोग गर्नुपर्नेछ ।
विद्युतीय भाडा भुक्तानी प्रणाली सम्बन्धी अन्य व्यवस्था प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रस्ताव बुझाउने विधि :**

सेवा प्रदायक संस्थाले प्राविधिक र आर्थिक गरी दुई वटा प्रस्तावहरु बुझाउनु पर्नेछ । प्राविधिक प्रस्ताव एउटा खाममा र आर्थिक प्रस्ताव अर्को खाममा शिलबन्दी गरी दुवै प्रस्तावलाई छुट्टै खाममा शिलबन्दी गरि मन्त्रालयले तोकेको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

## प्राविधिक प्रस्ताव

**प्राविधिक प्रस्तावमा संलग्न गर्नुपर्ने कागजातहरू**

१. सेवाप्रदायक/प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलपर) को विवरण तथा अनुभवको बारेमा खुलाउने

(क) **सेवाप्रदायक संस्थाको विवरण**

(अ) कम्पनी/संस्था/फर्मको नाम र ठेगाना :

- पत्राचार गर्ने ठेगाना :
- मुख्य व्यक्तिको नाम :
- सम्पर्क नं. :
- कम्पनी/संस्था/फर्म दर्ताको प्रमाणपत्र
- नवीकरण गरेको विवरण/ प्रमाणपत्र
- मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र
- आ. व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र

(आ) प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलपर) बाट सो प्रणाली सञ्चालन गर्न दिइएको आधिकारिक पत्र **(अथोराईजेशन लेटर)** हुनु पर्नेछ ।

(ख) **प्रणाली तथा उपकरण निर्माणकर्ता (सिष्टम डेभलपर) को विवरण**

(अ) प्रणाली उत्पादक कम्पनीको नाम र ठेगानाः-

(आ) टेक्निकल फिचर अफ दी सिष्टमः-

(इ) प्रविधि उत्पादन गर्ने कम्पनीको प्राविधिक क्षमताः-

(ई) प्रणाली सफलतापूर्वक लागू भएको अनुभवको प्रमाणः-

२. सेवा प्रदायकको वित्तीय क्षमताको विवरणः

(क) सेवा प्रदायक कम्पनी आफैंले लगानी गर्ने भएमा कम्पनीको वित्तीय क्षमता खुल्ने प्रमाण पेश गर्ने।

अ) कम्पनीको चालू पूँजी

आ) कम्पनीको वित्तीय क्षमता खुल्ने कागजातहरू

(ख) लगानी सुनिश्चितता पत्र दिने बैंकको विवरण

(अ) बैंकको नामः

(आ) सुनिश्चितता पत्रः

(इ) बैंकको वर्गः

(ग) वित्तीय संस्थाबाट लगानी हुने भएमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वित्तीय संस्थाको विवरण

(अ) लगानी गर्ने वित्तीय संस्थाको नामः

(आ) वित्तीय संस्थाको वर्गः

(घ) अन्य केही भए खुलाउने

३. Technical Specification of Device (Card Reader /POS Machine and CC Camera)
(पेश गरेको प्रस्तावमा उल्लिखित उपकरणको स्पेशिफिकेशन पूर्ण रुपमा पुरा गरेको हुनुपर्नेछ।)

| **Components** | **Required Specification** | **पेश गरेको उपकरणको स्पेशिफिकेशन** |
|---|---|---|
| Processor | Quad Core, Minimum 1.0 GHz or higher (such as Cortex A7 + ARM) | |
| Card Readers | Must have NFC Contactless Communication (ISO Certified) | |
| RAM | Minimum 1 GB | |
| Flash Memory | Minimum 4 GB | |
| GPS | Built-In | |
| SIM Slot | Minimum 1, 4G or above | |
| SAM Slot | Min 2 | |
| Wi-Fi | Wi-Fi Optional | |
| Transaction Speed | Within 1 Sec | |
| Minimum Transaction Backup | 50,000 Transaction | |
| Reading Distance | Up to 10 cm | |
| Pole Mount | Hand Held or Pole Mount with size adjustable | |
| Power Supply | Uninterrupted power supply | |
| Printer | Built in receipt printer (Thermal) | |
| Service Life | >4 Years | |
| Security (Encryption) | Needed | |
| Physical Robustness | Quality Test Paper Needed | |
| **CC Camera** | | |
| Video Quality | Minimum 1080p High Definition | |
| Storage | Minimum 500 GB Storage | |

माथि उल्लेख गरेको स्पेशिफिकेसन रहेको भन्ने क्वालिटी टेष्ट रिपोर्ट वा स्पेशिफिकेशन पुष्टी हुने कागजात ।

(क) उपकरण उत्पादक कम्पनीको नाम:

(ख) उपकरणको नाम:

(ग) उपकरण मोडल:

(घ) उपकरणको टेक्निकल फिचर विस्तृत विवरण:

(ङ) गुणस्तर मापन प्रमाणपत्र:

(च) उत्पादन क्षमता:

४. Technical Specification of Travel Card
(पेश गरेको प्रस्तावमा उल्लिखित कार्ड देहाय बमोजिमको स्पेशिफिकेशन पूर्ण रुपमा पुरा गरेको हुनुपर्नेछ।)

| Component | Required Specification | पेश गरेको उपकरणको स्पेशिफिकेशन |
|---|---|---|
| Card Paper | Hard PVC | |
| Card RFID | RFID/NFC (MIFARE or Higher) | |
| Method of Payment | Show(Contactless)/Tap/Wallet | |
| Authentication | Mutual Three Pass Authentication | |
| Memory | Minimum 1 KB non-volatile or higher | |
| Communication Protocol | Support Multiple Communication Protocols (T=0/T=1)<br>GPS Tracker and Location Announcement System | |
| Certification | ISO/IEC Certificate | |

माथि उल्लेख गरेको स्पेशिफिकेसन रहेको भन्ने क्वालिटी टेष्ट रिपोर्ट वा स्पेशिफिकेशन पुष्टी हुने कागजात।

(क) कार्ड उत्पादक कम्पनीको नाम:

(ख) कार्डको नाम:

(ग) कार्डको मोडल:

(घ) टेक्निकल फिचर-स्मार्ट कार्डको विस्तृत विवरण:

(ङ) गुणस्तर मापन प्रमाणपत्र:

५. प्रणालीले व्यक्ति पहिचान (पर्सनल आईडेन्टीफिकेसन सिष्टम) सम्बन्धमा:

६. सेवाग्राहीमैत्री प्रविधि सहजता सम्बन्धमा:

७. सिस्टम सेक्युरिटी सम्बन्धमा वा अन्य केही भए विस्तृतमा खुलाउने:

८. भुक्तानी विधिहरु सम्बन्धमा:

९. कार्डमा संचित रहेको रकम सुरक्षा सम्बन्धमा उल्लेख गर्ने:

१०. सेवाग्राहीले कार्डबाट भुक्तानी गर्दा ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्ने:

११. सञ्चालन, मर्मत संभार तथा प्राविधिक सहयोग, प्रणालीको दिगोपनाको सन्दर्भमा सुनिश्चितता तथा आधारहरुः

१२. न्यूनतम जनशक्ति विवरण

| क्र.सं. | पदको नाम | आवश्यक संख्या | आवश्यक कागजात |
|---|---|---|---|
| १ | | | प्रस्तावित जनशक्तिको प्रतिबद्धता पत्र तथा व्यक्तिगत विवरण (Bio Data) पेश गर्नु पर्नेछ |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

१३. **विद्युतीय कार्ड र दूरसञ्चार** सञ्चालनको माध्यमबाट भुक्तानी कार्य गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा अनुमति प्राप्त भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ वा **सार्वजनिक सवारी साधनमा भाडा** भुक्तानी कार्य गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा अनुमति प्राप्त भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

१४. प्रणालीको सुरक्षाका (सिष्टम सेक्युरिटि) सम्वन्धमाः प्रणाली कार्यान्वयन योजना (System Operation Plan) र सेक्युरिटी ईसु (Security Issue), उठाएको पैसा सम्वन्धित व्यवसायीको खातामा जम्मा हुने व्यवस्था, ह्याकिङ्ग नहुने, हिनामिना नहुने सुनिश्चितता, सेवाग्राहिको कार्डमा रिचार्ज भएको रकमको सुरक्षा सम्बन्धी विस्तृत प्रकास पार्ने र आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ ।

१५. सेवा जडानको समयतालिका तथा सञ्चालन कार्ययोजना तपशिल तालिका बमोजिम नबढ्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

**सेवा जडानको समयतालिका तथा सञ्चालन कार्ययोजना**

| सि.नं. | सवारीको किसिम | प्रणाली जडान अवधि | कैफियत |
|---|---|---|---|
| १ | परीक्षण अवधि (Testing Period) | | |
| २ | काठमाडौं उपत्यका भित्र सञ्चालन हुने बस, मिनी बस | | |
| ३ | काठमाडौं उपत्यका भित्र सञ्चालन हुने ट्याक्सी तथा अन्य | | |
| ४ | सि.नं. १ र २ बाहेकका १० सिट क्षमता भन्दा माथिका काठमाडौं उपत्यका भित्र सञ्चालन हुने सम्पूर्ण यात्रुबाहक सवारी | | |
| ५ | काठमाडौं उपत्यका बाहेकका अन्य शहरी क्षेत्रका सार्वजनिक सवारी | | |

| | | | |
|---|---|---|---|
| ६ | बागमती प्रदेश भित्रमा मध्यम तथा लामो दूरीका सार्वजनिक सवारी (इटिकेटिङ) | | |

यो प्रणाली लागू भए पश्चात यस प्रदेशमा दर्ता भई प्रदेश भित्र सञ्चालन हुने गरी रुट ईजाजत लिएका यात्रुवाहक सवारी साधनहरुले प्रणाली जडान गरेको निस्सा लिइसके पश्चात मात्र रुट नविकरण/ईजाजत माग गर्न सक्नेछ । उपरोक्त बमोजिमको समय तालिकामा उल्लेख भए बमोजिम प्रणाली जडान गर्नु भन्दा एक (१) महिना अगावै स्वीकृत प्राप्त निकायबाट सो प्रणालीको (सिस्टम) अडिट गराउनु पर्नेछ ।

१६. सेवा प्रदान सम्बन्धी सुनिश्चितता:

(क) सञ्चालनको लागि आवश्यक लागत र त्यसको व्यवस्थापन सम्बन्धी प्रस्ताव:

(ख) प्रस्ताव सुरक्षण जमानत (Bid Document Security)

(अ) जमानत दिने बैंक तथा वित्तीय संस्थाको नाम:

(आ) जमानत रकम:

(इ) जमानत खुल्ने कागजातको विवरण:

(ग) उपलब्ध जनशक्ति तथा जडान र सञ्चालनमा सेवाप्रदायकले उपलब्ध गराउने जनशक्ति, आएका समस्याहरुलाई समाधान गराउने विधि, समयसीमा तथा ग्यारेन्टी उल्लेख गर्नुपर्नेछ ।

(घ) अन्य इनोभेशन तथा कार्य क्षेत्र सम्बन्धमा खुलाउने (जस्तै बस स्टेशनमा आउदै गरेको बसको संख्या तथा वास्तविक समय (Real Time) देखिने व्यवस्था, बस ट्र्याकिंग मोबाईल एप लगायतका विषयमा खुलाउनु पर्नेछ ।

(ङ) अन्य केही भए खुलाउने:

१७. पेटेन्ट राईट, कपिराईट सम्बन्धी विवरण उल्लेख गर्ने:

**नोट:**

१. कार्ड रिचार्ज सम्बन्धमा : रिचार्ज गर्दा कानूनले तोके बमोजिमको बाहेक अतिरिक्त शुल्क लिन पाउने छैन।

२. सम्झौता अवधि अधिकतम छ वर्ष (दुई वर्ष प्रणाली जडान अवधि र चार वर्ष सञ्चालन अवधि) को हुनेछ। मन्त्रालयले आवश्यक ठानेमा सम्झौता अवधि एक वर्ष थप गर्न सक्नेछ। महामारी वा काबू बाहिरको परिस्थिति परेमा सेवा सञ्चालन गर्ने अवधि एक पटकमा छ महिनामा नबढ्ने गरी दुई पटक सम्म थप गर्न सक्नेछ ।

३. प्रस्ताव तथा प्रस्ताव साथ पेश भएका कागजातहरुमा प्रस्तावक संस्था वा फर्मको आधिकारिक दस्तखत र छाप भएको हुनुपर्नेछ । यसरी पेश गरेका कागजातहरुको आधिकारिकताको सम्बन्धमा संस्था वा फर्म स्वयम् जवाफदेही हुनुपर्नेछ ।

## आर्थिक प्रस्ताव मूल्याङ्कन तालिका
(अनुसूची १ सँग सम्बन्धित)

आर्थिक प्रस्ताव :

| सि.नं. | विवरण | एकाइ | दर (मु.अ.कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | उपकरण (कार्ड रिडर/ POS मेशिन CC क्यामरा समेतको) सेट (रु.) | प्रति सेट | | | |
| २ | कार्ड (रु.) | प्रति गोटा | | | |
| ३ | कमिशन दर | प्रतिशत | | | |

नोट :

१. प्रस्तावकले कमिशन दर (माथि उल्लेखित तालिकाको नम्बर ३ को हकमा) प्रस्ताव गर्दा **प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८** को नियम १० को उपनियम (८) बमोजिम हुने गरी प्रतिशतमा उल्लेख गर्नु पर्नेछ।

२. सेवा प्रदायकले प्रस्ताव पेश गर्दा प्रति कारोबार लाग्ने कमिशन दर (सेवा शुल्क) प्रदेश सरकारले तोकेको भाडा दरको पाँच प्रतिशतमा नबढ्ने गरी पेश गर्नुपर्नेछ।

३. सेवा प्रदायकले प्रति कार्ड मूल्य रु. १०० (एक सय) मा नबढ्ने गरी धरौटीको रूपमा लिई कार्ड प्रदान गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ। सेवाग्राहीले कार्ड फिर्ता गरेमा धरौटी रकम र कार्डमा रहेको रिचार्ज गरेको बाँकी रकम फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

४. प्रस्तावमा खुलाउनु पर्ने विषय, शर्त तथा आधारहरू पछाडि उल्लेख गरिएको छ।

प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को अनुसूची-५ को बुँदा ५ बमोजिम

**विद्युतीय माध्यमबाट यात्रुवाहक सार्वजनिक सवारीको नगद रहित भाडा भुक्तानीका लागि सेवा प्रदायक छनौट गर्ने आधारहरु/शर्तहरु**

१. सेवा प्रदायकको प्रस्ताव मूल्याङ्कन गर्दा ग्राह्यताका आधारहरु पूरा गरेका सेवाप्रदायकको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने र प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल हुने सेवाप्रदायकको आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सेवाप्रदायक छनौट गर्नुपर्नेछ।

(क) ग्राह्यताका आधारहरु (Eligibility Criteria)

१. सेवा प्रदायकको संस्था/कम्पनीको दर्ता प्रमाणपत्र

२. संस्था वा फर्म/कम्पनीको नविकरण

३. PAN र VAT दर्ता प्रमाणपत्र

४. आ.व. ०७७/७८ को करचुक्ता प्रमाणपत्र

५. प्रस्तावित कार्यमा प्रस्ताव गर्न अयोग्य नभएको, प्रस्तावित कार्यसँग स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धि कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा

(ख) प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधारहरु (Evaluation Criteria for Technical Proposal)

१. प्रणाली तथा उपकरण निर्माणकर्ता (सिस्टम डेभलपर)बाट सो प्रणाली सञ्चालन गर्न दिईएको अधिकार पत्र (अथराईजेशन लेटर) हुनु पर्नेछ।

२. Technical Specification of Device (Card Reader /POS Machine and CC Camera)
(पेश गरेको प्रस्तावमा उल्लिखित उपकरणहरू देहाय बमोजिमको स्पेशिफिकेशन पूर्ण रूपमा पूरा गरेको हुनु पर्नेछ।)

| **Components** | **Required Specification** |
|---|---|
| Processor | Quad Core, Minimum 1.0 GHz or higher (Such as Cortes A7 + ARM) |
| Card Readers | Must have NFC Contactless Communication (ISO Certified) |
| RAM | Minimum 1 GB |
| Flash Memory | Minimum 4 GB |
| GPS | Built-In |
| SIM Slot | Minimum 1, 4G or above |
| SAM Slot | Min 2 |
| Wi-Fi | Wi-Fi Optional |
| Transaction Speed | Within 1 Sec |

| | |
|---|---|
| Minimum Transaction Backup | 50,000 Transaction |
| Reading Distance | Up to 10 cm |
| Pole Mount | Hand Held or Pole Mount with size adjustable |
| Power Supply | Uninterrupted power supply |
| Printer | Built in receipt printer (Thermal) |
| Service Life | >4 Years |
| Security (Encryption) | Needed |
| Physical Robustness | Quality Test Paper Needed |
| **CC Camera** | |
| Video Quality | Minimum 1080p High Definition |
| Storage | Minimum 500 GB Storage |

३. Technical Specification of Travel Card
(पेश गरेको प्रस्तावमा उल्लिखित कार्डका लागि देहाय बमोजिमको स्पेशिफिकेशन पूर्ण रुपमा पुरा गरेको हुनुपर्नेछ।)

| **Component** | **Required Specification** |
|---|---|
| Card Paper | Hard PVC |
| Card RFID | RFID/NFC (MIFARE or Higher) |
| Method of Payment | Show (Contactless)/Tap/Wallet |
| Authentication | Mutual Three Pass Authentication |
| Memory | Minimum 1 KB non-volatile or higher |
| Communication Protocol | Support Multiple Communication Protocols (T=0/T=1)<br>GPS Tracker and Location Announcement System |
| Certification | ISO/IEC Certificate |

४. कुनै देशमा विगत दुई वर्ष देखि प्रणाली सफलतापूर्वक सञ्चालन भइरहेको सेवा सञ्चालनको स्याटिसफ्याक्ट्री परफरमेन्स सर्टिफिकेट (एस.पी.सी.) पेश गर्नु पर्नेछ।

५. प्रविधि पार्टनरको प्राविधिक क्षमता कम्तीमा वार्षिक १०००० संख्यामा उपकरण उत्पादन हुने प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

६. सेवाप्रदायक कम्पनी वा वित्तीय संस्थाले आफै वा संयुक्त लगानी गर्ने भएमा कम्पनी/वित्तीय संस्थाको वित्तीय क्षमता खुल्ने लेखा परीक्षण प्रतिवेदन र नगद प्रवाह विवरण पेश गर्नुपर्नेछ।

७. मन्त्रालयले तोकेको ढाँचामा सेवाप्रदायकले समयसमयमा विद्युतीय भुक्तानी सम्बन्धी विवरण पठाउनु पर्नेछ।

८. डिभाइस तथा पिओएस मेसिनको वारेन्टी अवधि कम्तीमा २ वर्षको हुनु पर्ने सो अवधिमा विग्रिएमा मर्मत संभार हुने भए निशुल्क मर्मत संभार गर्ने र नहुने भए डिभाईस नै सेवा प्रदायक संस्थाले निशुल्क उपलव्ध गराउनु पर्ने।

९. डिभाइस तथा पिओएस मेसिनको मर्मतका लागि काठमाण्डौ उपत्यकामा आवश्यक स्थानमा मर्मत संभार केन्द्र स्थापना गर्नु पर्ने र उपलव्ध भएको २ दिन भित्र मर्मत गरेर दिईसक्नु पर्ने व्यवस्था गर्नु पर्ने र सो समयसम्मको लागि अतिरिक्त डिभाईस उपलव्ध गराउनु पर्ने छ।

१०. सेवाप्रदायक, सवारी सञ्चालक र खाता रहेको बैंकका वीचमा Settlement का लागि क्रियाशील रहने सफ्टवेयर प्रणालीप्रदायकसँगको सम्झौता र कार्ड चार्ज गर्नका लागि नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त PSO/PSP सँगको सम्झौता समेत प्रस्तावका साथ पेश गर्नुपर्नेछ।

११. भुक्तानी कार्डको सहज उपलव्धताका लागि प्रारम्भमा सवारी साधनका चालक सहचालकबाट, विभिन्न स्थानमा रहेका विक्री काउन्टरबाट किनवेच गर्ने प्रवन्ध मिलाउनुपर्नेछ ।

१२. सेवाप्रदायक कम्पनी वा फर्म आफैले गर्ने वा उक्त कम्पनीसँगको सम्झौता अनुसार बैंक वित्तीय संस्था (कम्तिमा क वर्गको) ले लगानी गर्ने भए सो बमोजिमको लगानी योजना पेश गर्नुपर्नेछ ।

१३. नेपाल राष्ट्र बैंकले निर्धारण गरेको प्रक्रिया अनुसार भुक्तानी सम्वन्धी प्रणालीको परीक्षण (IT System Security Audit) तथा सूचना प्रविधि सफ्टवेयरको परीक्षण (IT Audit) सिस्टम लाइभ गर्नुभन्दा अघि नै गरिसक्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

१४. विद्युतीय भुक्तानी प्रणाली प्रयोग गरी भाडा भुक्तानी गर्दा यात्रुले पाउने छूट एवम् सवारी सञ्चालनमा संलग्न चालक, सहचालक, परिचालक र अन्य कर्मचारी एवम् श्रमिकहरुले पाउने सुविधा सम्बन्धमा गरिने व्यवस्थाबारे यातायात व्यवसायीसँग छलफल गरी मन्त्रालयले निर्णय गरी सार्वजनिक गर्नेछ।

१५. विद्युतीय भुक्तानी सम्वन्धी सूचना प्रविधि सफ्टवेयरको सर्भर होस्टिङ र यसको व्याकअप व्यवस्था नेपालमै हुनुपर्नेछ । उक्त डाटासर्भरमा समस्या आएमा समस्या देखापरेको वढीमा २४ घण्टाभित्र समाधान भइसक्नुपर्नेछ ।

१६. मन्त्रालयबाट अधिकारप्राप्त अनुगमन तथा उजुरी सुनुवाई इकाइ वा संयन्त्रले उजुरी सुन्ने र समाधान गर्ने तथा भुक्तानी प्रणाली कार्यान्वयनको अनुगमन समेत गर्नेछ ।

१७. विद्युतीय भुक्तानी सम्वन्धी शिक्षा, सचेतना र प्रचारप्रसारका लागि स्थानीय तह तथा अन्य सरोकारवालाहरुको समेत समन्वय र साझेदारी रहनेगरी मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

१८. कार्डको वारेन्टी अवधि कम्तिमा ४ वर्षको हुनुपर्नेछ। सो अवधिमा कुनै समस्या देखापरेमा वा भुक्तानी हुन नसकेमा सेवा प्रदायक संस्थाले कार्ड नै निशुल्क उपलव्ध गराउनु पर्ने।

१९. नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त कम्तीमा क वर्गको बैंकबाट कम्तीमा छ वर्षको अवधीको रु. बीस करोडको लगानी सुनिश्चितता पत्र पेश गर्नुपर्नेछ।

२०. नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट रु. दश लाख बराबरको कम्तीमा १२० दिन मान्य अवधि भएको मन्त्रालयको नाममा जारी भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ।

२१. वित्तीय संस्थाबाटै लगानी हुने भएमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त कम्तीमा क वर्गको बैंकबाट कम्तीमा छ वर्ष अवधिको रु. २० करोडको लगानी सुनिश्चितता पत्र पेश गर्नुपर्नेछ।

२२. **जनशक्ति विवरणः**

| क.सं. | पदको नाम | आवश्यक संख्या | आवश्यक कागजात |
|---|---|---|---|
| १ | प्रमुख व्यवस्थापक | १ | प्रस्तावित जनशक्तिको प्रतिबद्धता पत्र तथा व्यक्तिगत विवरण (Bio Data) पेश गर्नुपर्नेछ |
| २ | चार्टर एकाउण्टेन्ट | १ | |
| ३ | कम्प्युटर इन्जिनियर/डेभलपर | २ | |
| ४ | सुचना प्रविधि अधिकृत | १ | |

२३. **विद्युतीय कार्ड र दूरसञ्चार** सञ्चालनको माध्यमबाट भुक्तानी कार्य गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा अनुमति प्राप्त भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ वा **सार्वजनिक सवारी साधनमा भाडा** भुक्तानी कार्य गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा अनुमति प्राप्त भएको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

२४. नेपाल राष्ट्र बैंकले तोके बमोजिम System Security Audit गराएर प्रतिवेदन सिस्टम लाइभ गर्नु भन्दा अघि नै पेश गर्नुपर्नेछ।

२५. माथि उल्लेखित प्राविधिक प्रस्तावका मूल्याङ्कनका आधारहरु पूर्ण रुपमा पूरा नगरेको प्रस्ताव आर्थिक प्रस्ताव मूल्याङ्कनका लागि छनौट गरिने छैन।

२६. प्राविधिक प्रस्तावमा कुनै एकमात्र प्रस्तावकको प्रस्ताव छनौट भएमा आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन।

**(ग) आर्थिक प्रस्ताव मूल्याङ्कनका आधारहरु (Financial Evaluation Criteria)**

१. आर्थिक प्रस्ताव मूल्याङ्कनका लागि मन्त्रालयबाट तय भएको स्पेशिफिकेशन अनुसारको उपकरण (कार्ड रिडर/पी.ओ.एस. मेशिन र सि.सि.क्यामेरा), कार्ड र सेवा शुल्क दरको निश्चित दररेट निर्धारण गर्ने र निर्धारित दरसँग अनुसूची १ बमोजिम तुलनात्मक मूल्याङ्कन गरी तीनवटै पक्षको योग अंक सबैभन्दा न्यून हुने सेवा प्रदायकलाई छनौट गर्नुपर्नेछ।

२. आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावाकहरुको कूल अंक समान भएमा कमिशन दर कम कबोल गर्ने प्रस्तावकलाई छनौट गर्नुपर्नेछ। कमिशन दर पनि समान भएमा न्यूनतम कार्ड शुल्क (धरौटी) कम कबोल गर्ने प्रस्तावकलाई छनौट गर्नुपर्नेछ। कार्ड शुल्क (धरौटी) पनि समान भएमा गोला प्रथाबाट प्रस्तावक छनौट गर्नुपर्नेछ।

२. <u>सूचनामा खुलाउनु पर्ने थप शर्तहरुः</u> प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली २०७८, मा उल्लेख भएका शर्तका अतिरिक्त सेवाप्रदायकको छनौटको सूचनामा देहायका शर्तहरु समावेश गर्नुपर्नेछ।

१. सम्झौता अवधि अधिकतम छ वर्ष (दुई वर्ष प्रणाली जडान अवधि र चार वर्ष सञ्चालन अवधि) को हुनेछ| मन्त्रालयले आवश्यक ठानेमा सम्झौता अवधि एक वर्ष थप गर्न सक्नेछ। महामारी वा काबू बाहिरको परिस्थिति परेमा सेवा सञ्चालन गर्ने अवधि एक पटकमा छ महिनामा नबढ्ने गरी दुई पटक सम्म थप गर्न सक्नेछ।

२. सेवा प्रदायकले प्रस्ताव पेश गर्दा प्रति कारोबार लाग्ने सेवा शुल्क प्रदेश सरकारले तोकेको भाडा दरको पाँच प्रतिशतमा नबढ्ने गरी पेश गर्नुपर्नेछ।

३. छनौट भएको सेवा प्रदायक तोकिएको समयमा सम्झौता गर्न नआएमा मन्त्रालयले निजको बैंक जमानत जफत गर्नेछ।

४. सम्झौता गर्ने बखत सेवा प्रदायकले मन्त्रालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट रु. पचास लाख बराबरको सम्झौता अवधिभरको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।

५. सम्झौता पश्चात तोकिएको सवारी संख्या र समयावधि भित्र प्रणाली जडान गरी सेवा सञ्चालन नगरेमा मन्त्रालयले निजको कार्य सम्पादन जमानत रकम जफत गरी निज सँगको सम्झौता रद्द गर्नेछ।

६. एक मात्र प्रस्तावकको प्रस्ताव पेश भएमा निजको प्रस्ताव नखोली सुरक्षित राखी कम्तीमा सात दिनको सूचना दिई पुनः प्रस्ताव आव्हान गर्नुपर्नेछ। दोस्रो पटकको सूचनामा समेत थप प्रस्ताव पेश नभएमा पहिलो प्रस्तावकको प्रस्ताव मूल्याङ्कन गर्न बाधा पर्नेछैन।

७. प्राविधिक तथा आर्थिक प्रस्तावमा कुनै प्रस्तावदाता छनौट नभएमा मूल्याङ्कनका आधारहरु मन्त्रालयले पुनरावलोकन गरी नयाँ प्रक्रियामा जान सक्नेछ।

८. यस प्रस्तावमा समावेश नभएका वा छुटेका विषयहरुको हकमा प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ बमोजिम हुनेछ। अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची १ : आर्थिक प्रस्ताव मुल्याङ्कन तालिका

| प्रस्तावकको नाम | आर्थिक मुल्याङ्कनका सुचकहरु | (१) निर्धारित मापदण्ड | (२) प्रस्तावित मूल्य | (३) प्रतिशत रुपान्तरण (२)/(१)*१०० | (४) जम्मा अंक |
|---|---|---|---|---|---|
| प्रस्ताव १ | उपकरण | | | क | क+ख+ग |
| | कार्ड | | | ख | |
| | कमिशन दर (%) | | | ग | |
| प्रस्ताव ... | उपकरण | | | ... | ... |
| | कार्ड | | | ... | |
| | कमिशन दर (%) | | | ... | |
| प्रस्ताव ... | उपकरण | | | ... | ... |
| | कार्ड | | | ... | |
| | कमिशन दर (%) | | | ... | |

सूचनाको ढाँचा

बागमती प्रदेश सरकार

## श्रम, रोजगार तथा यातायात मन्त्रालय

(सूचना प्रकाशित मिति २०७९/०४/१०)

बागमती प्रदेश भित्रका यात्रुवाहक सार्वजनिक सवारी साधनमा नगदरहित विद्युतीय भुक्तानी प्रणाली मार्फत प्रिपेड कार्डबाट भाडा भुक्तानी गर्ने कार्यको लागि प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को नियम १० को उपनियम (३) बमोजिम सेवा प्रदायक छनौट गर्न लागिएकोले सो सम्बन्धी उपकरण जडान तथा सञ्चालन सम्बन्धी कार्य गर्न इच्छुक सेवा प्रदायकले तोकिएको ढाँचामा आवश्यक कागजात सहित सिलबन्दी प्रस्ताव मन्त्रालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत कार्यक्षेत्रगत शर्त (TOR) र दरखास्त फारामको ढाँचा मन्त्रालयको वेवसाइट molet.bagamati.gov.np बाट प्राप्त गर्न सकिनेछ।

- दरखास्त बुझाउने अन्तिम मितिः २०७९/०४/२५ गते दिनको १२ बजे भित्र।
- प्रस्ताव खोल्ने मिति २०७९/०४/२५ गते, दिनको १:०० बजे।
- प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिने छ।
- सेवा प्रदायकले प्राविधिक प्रस्ताव एउटा खाममा र आर्थिक प्रस्ताव अर्को खाममा सिलबन्दी गरी दुवै प्रस्तावलाई छुट्टै एक खाममा सिलबन्दी गरी बुझाउनु पर्नेछ।
- प्रस्ताव बुझाउने सम्बन्धमा इच्छुक सेवा प्रदायकहरूले मिति २०७९/०४/१६ गते दिनको १ बजे मन्त्रालयमा हुने Pre-Proposal Meeting मा भाग लिन सक्नेछन्।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा निहित हुनेछ।